# मकवानपुरगढी गाउँपालिकाको सहकारी नियमावली, २०८१

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०३/२७ गते

दोर्जे लामा थ्याङतान
अध्यक्ष

# मकवानपुरगढी गाउँपालिका
## सहकारी नियमावली २०८१

मकवानपुरगढी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकास्तरमा सहकारी संस्था, दर्ता सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएकोले मकवानपुरगढी गाउँ कार्यपालिकाको मिति २०८१/०३/२७ गतेको निर्णय अनुसार यो नियमावली स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेदः- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमावलीको नाम **"मकवापनुरगढी गाउँपालिका सहकारी नियमावली, २०८१"** रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "ऐन" भन्नाले "मकवापनुरगढी गाउँपालिकाको सहकारी ऐन, २०७४" लाई सम्झनु पर्दछ ।

(ख) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक वा प्रबन्धकलाई सम्झनु पर्दछ ।

(ग) "कर्जा वा ऋण" भन्नाले चल, अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले लिएको व्याज सहित भुक्तान गर्ने रकम र सदस्यलाई दिएको कर्जा वा ऋणको साँवा, व्याज र हर्जना समेतको रकम सम्झनुपर्छ ।

(घ) "सस्था" भन्नाले "मकवापनुरगढी गाउँपालिकाको सहकारी ऐन २०७४" को दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत, बहुउद्देश्यीय एवं विशिष्टीकृत सहकारी संघ समेतलाई सम्झनु पदर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी ऐन र प्रदेश सहकारी ऐन बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ र सो शब्दले ऐनको दफा ६९ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारीलाई समेत जनाउँछ ।

(च) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकमलाई सम्झनुपर्छ ।

(छ) "संस्थागत पूँजी" भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटापूर्ति कोषको रकम समेतलाई सम्झनुपर्छ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

## परिच्छेदः- २
## सहकारी संस्थाको गठन र दर्ता

३ **संस्था गठन, दर्ता तथा संचालनः-** (१) ऐनको दफा ३ को उपदफा(१) बमोजिम सहकारी संस्था गठन र दर्ता हुनेछ । साथै पेशागत संगठनको हकमा ऐनको दफा ३ को उपदफा(३) बमोजिम गठन हुने र देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरु मात्र सदस्य हुनुपर्ने,

(ख) संस्थाको कार्यक्षेत्र बढीमा गाउँपालिका भित्र मात्र हुनुपर्ने,

(ग) एक पालिकामा आफ्नो पेशागत संगठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनुपर्ने,

४. **संस्था दर्ताको लागि दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरणः-** (१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) संस्था दर्ता गर्नका लागि दरखास्त दिँदा सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसूची- २ को ढाँचामा र आवेदकहरुको विवरण अनुसूची- ३ को ढाँचामा दरखास्त साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताको लागि दरखास्त दिँदा ऐनको दफा ५ को उपदफा (२) मा उल्लेखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ :-

(क) प्रारम्भिक भेलाका निर्णयहरु,

(ख) अनुसूची- ४ को ढाँचामा व्यवसायिक कार्ययोजना,

(ग) अनुसूची- ५ को ढाँचामा सदस्यबाट संकलित शेयरपूँजी तथा प्रवेश शुल्क बापत संकलित रकमको भरपाई,

(घ) अनुसूची- ६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण ।

(ङ) अनुसूची- ७ को ढाँचामा स्व-घोषणापत्र

(च) अनुसूची- ८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र

(छ) आवेदकहरुको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

(ज) आवेदकहरु संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाणपत्र

(झ) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आबद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) संस्थाबाट शेयर पूँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको विवरण/भरपाई

(ट) शेयर पूँजी तथा प्रवेश शुल्क बापत सदस्यहरुबाट संकलित रकम बैकमा जम्मा गरेको बैक भौचर

(ठ) संस्थाको कार्यालय रहने वडाको सिफारिस

५. गाउँपालिका क्षेत्रभित्र एक नामबाट एक मात्र सहकारी संस्था दर्ता गरिनेछ ।

६. एकै नामका दुई सहकारी संस्थाको निवेदन प्राप्त हुन आएमा पहिले प्रकृया पूरा गरी प्राप्त हुन आएको नामको सहकारी संस्था दर्ता गरी पछि आउनेलाई नाम परिवर्तन गराएर मात्र दर्ता गराउनु पर्नेछ ।

७. एकै समयमा गाउँपालिकामा सहकारी संस्था वा विषयगत सहकारी संस्था दर्ताको निवेदन प्राप्त हुन आएमा पहिले प्रकृया पूरा गरी प्राप्त हुन आएका संस्था दर्ता गरी प्रमाण पत्र दिइनेछ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

८. **बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड :-**

(१) ऐनको दफा ६ बमोजिम गाउँपालिका वडाको जनसंख्याको आधारमा प्रत्येक १ हजार जनसंख्यामा एउटा संस्था भन्दा बढी नहुने गरी स्थानीय तहमा बचत तथा ऋण सहकारी संस्था दर्ता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा गाउँपालिकाभित्र कार्यक्षेत्र सिमित भएका तथा वडाभित्र कार्यालय रहेका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरुको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्ड भन्दा धेरै संख्यामा भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरु यो नियम प्रारम्भ भएको मितिले तीन वर्षभित्र नियम बमोजिम एकीकरण गरी सक्नुपर्नेछ ।

तर महिला सहकारी संस्था एकीकरण गर्दा महिला सहकारी संस्था बीच एकीकरणको लागि प्रोत्साहन गरिने छ । यदी मिश्रीत सहकारी संस्थासंग महिला सहकारी संस्था एकीकरण भएको हकमा महिलाहरुको नेतृत्व सुनिश्चित हुनेगरी एकीकरण गर्न सकिनेछ ।

९. **सहकारी संस्थाको कार्यक्षेत्र विस्तार:-**

(१) ऐनको दफा(९) को उपदफा (क) बमोजिम बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको कार्यक्षेत्र एक पटकमा बढिमा एक वडा विस्तार गर्न सकिने छ अन्यको हकमा सहकारी ऐन २०७४ को दफा ९ को (१) (ख) को व्यवस्था बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम कार्य क्षेत्र विस्तार गर्दा देहायको शर्त तथा आधारहरु पुरा भएको हुनुपर्नेछ:-

(क) बिस्तार गरिने प्रत्येक वडामा कम्तिमा संस्था दर्ता हुँदा आवश्यक संख्याको २० प्रतिशतको सदस्यहरुको हस्ताक्षर सहितको सेवा माग निवेदन र निजहरुको नागरिकताको छायाँकपि पेश भएको हुनुपर्ने ।

(ख) बचत तथा ऋण संस्थाको हकमा शेयर पूँजी कम्तिमा पचास लाख भएको हुनुपर्ने ।

(ग) संस्थाको हालको खुद बचत (नाफा) रकम धनात्मक भएको हुनुपर्ने ।

(घ) संस्थाको मौजुदा सदस्य कम्तिमा एक हजार भएको हुनुपर्ने ।

(ङ) बिस्तार गरिने कार्यक्षेत्र साविकको कार्यक्षेत्रसँग जोडिएको हुनुपर्ने ।

(च) नियमित वार्षिक लेखापरिक्षण भएको हुनुपर्ने ।

(छ) नियमित वार्षिक साधारण सभा भएको हुनुपर्ने ।

(ज) सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध भएको हुनुपर्ने ।

(झ) कानुन बमोजिम नियमित रुपमा पेश गर्नुपर्ने कागजात एवं विवरणहरु पेश गरेको हुनुपर्ने ।

(ञ) सञ्चालक समितिका पदाधिकारीहरुको नाम थर, ठेगाना, सम्पर्क नम्बर र फोटो सहितको तीन पुस्ते विवरण पेश गरेको हुनुपर्ने ।

(ट) विनियम संशोधनको प्रक्रिया पुरा भएको हुनुपर्ने ।

(ठ) कार्य क्षेत्र विस्तार सदस्य सम्बन्धित कार्य क्षेत्र भित्र बसोबास गरेको सुनिश्चित हुनुपर्ने ।

(ड) कार्य क्षेत्र विस्तार गर्दा, संस्थाको व्यवसायिक सक्षमता सदस्यले पाउने सेवाको गुणस्तर, परिमाण सहितको कार्ययोजना पेश गर्नुपर्ने ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

(ढ) गाउँपालिका भरी कार्यक्षेत्र विस्तार गर्ने भनी संस्था संचालनमा आएको कम्तिमा ५ आर्थिक वर्ष पुरा भएको हुनुपर्ने ।

(ण) लेखापरिक्षण प्रतिवेदन र सम्बन्धित कागजातबाट गाउँपालिकाले जारी गरेको ऐन, नियम, मापदण्ड बमोजिम संचालन भएको, संस्थाको कारोबार उत्कृष्ट रहेको, सदस्य संख्यामा उल्लेख्य बृद्धि भएको हुनुपर्ने ।

(त) प्रचलित सहकारी ऐन, नियम र गाउँपालिकाले जारी गरेको मापदण्ड र निर्देशनहरूको पालना गरेको विवरणलाई संस्थाको निरीक्षण प्रतिवेदनबाट पुष्टि हुनुपर्ने ।

(थ) आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको र नियमानुसार कर दायित्व फरफारक गरेको हुनुपर्ने ।

(द) कार्यक्षेत्र विस्तार गर्न साधारण सभाको निर्णय अनिवार्य हुनुपर्ने ।

(ध) अनिवार्य छाता संघहरुमा सदस्यता लिएको हुनुपर्नेछ ।

**१०. संस्थाको कार्यक्षेत्र पुनः निर्धारणका आधार तथा प्रकृयाः-**

(१) ऐनको दफा ९ को उपदफा (६) बमोजिम संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा देहायका विशेष व्यवसायिक आवश्यकताको आधार लिनु पर्नेछः-

(क) उत्पादनको संकलन, संचय, प्रशोधन सुविधाको दृष्टिले न्यूनतम आयतन(भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिचाइ सुविधा, प्राविधिक रेखदेख, रोग व्यादि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति एकाइ लागत, संचालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट फैलाउ आवश्यक भएको,

तर मौजुदा कार्यक्षेत्रको वडामा सदस्यता एवम् व्यावसायिक सेवा मनासिव स्थिर हासिल नभएसम्म कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।

(२) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पुरा गर्नुपर्छ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा (वडागत रुपमा जम्मा व्यावसायिक कारोबारको दुई प्रतिशत भन्दाबढी भएको) आधार वा अध्ययन प्रतिवेदन प्राप्त गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको र

(घ) ऐनको दफा ९ को उपदफा (६) बमोजिम अनुसूची- ९ को ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ र दर्ता गर्ने अधिकारीले विनियम संशोधनको प्रक्रिया पूरा गरी पेश गर्न आदेश दिन सक्नेछ ।

(३) ऐनको दफा ९ को उपदफा (६) बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछ :-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका सेवा केन्द्र संचालन खर्च कारोबार र नाफा-नोक्सानको विवरण ।

(ख) मौजुदा कार्यक्षेत्रको वडाअनुसार सदस्यहरुको नाम, थर, ठेगना, शेयर र बचतको विवरण

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाको संचालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरुको वडा अनुसारको विवरण ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

(४) ऐनको दफा ९ को उपदफा (६) बमोजिम कार्यक्षेत्र घटाउन माग भई आएमा निर्देशन दिँदा झिकिने कार्यक्षेत्रमा ५ प्रतिशत भन्दा कम सदस्य रहेको वा ५ प्रतिशत भन्दा कम कारोबार रहेको हुनुपर्ने ।

## ११. विषयगत आधारमा वर्गीकरणः

सहकारी संस्थाको वर्गीकरण सहकारी ऐन २०७४ को दफा ११ बमोजिम हुनेछ ।

## १२. संयुक्त रुपमा वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन :-

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाले संयुक्तरुपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछन् :-

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादनको मुल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, संचालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियेजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड- (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरु प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्तरुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरु बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानुन बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) को अधिनमा रही अन्तर सहकारी सहयोगको भावनाले आवश्यकतानुसार विषयगत वा फरक विषयगत वा बहुउद्देश्यीय संस्थाहरु मिली संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पुरा गरी सम्बन्धित संस्थाहरुले तत्ससम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता अधिकारीले तीस दिनभित्र आवशयक जाँचबुझ गरी संयुक्त रुपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय संचालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियमबमोजिम दर्ता भएको संयक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले दर्ता अधिकारीले तोकेको ढाँचामा नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) वित्तिय सहकारी संस्थाहरुलाई गैर वित्तिय लगानी गर्न प्रोत्साहन गरिने छैन ।

(८) सरकार, सहकारी, संघ संस्था बीच आवश्यक व्यवसायिक साझेदारी गर्न सक्ने छ ।

(९) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालनका सम्बन्धमा अन्य व्यवस्था गरी गाउँपालिकाले कार्यविधि बनाई तोक्न सक्नेछ ।

(दोर्जे लामा घ्याङतान)
अध्यक्ष

**१३. सहकारी संस्थाको विनियम :-**

(१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाको अनुसूची-१० मा उल्लिखित विषयहरु समावेश गर्नुपर्नेछ ।

(२) उत्पादक सहकारी संस्था, सेवा सहकारी संस्था (श्रमिक संस्था, स्वास्थ्य संस्था, यातायात संस्था) उपभोक्ता भण्डार समेतका उपभोक्ता सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्न हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरी दर्ता अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

(४) सहकारी संस्थाको आन्तरिक कार्यविधि बनाउन र आन्तरिक कार्यविधि तथा विनियम संशोधन गर्न सक्ने व्यवस्था गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १८ र १९ मा व्यवस्था भए बमोजिमको हुनेछ ।

**१४. सदस्यताको समाप्ति :-**

(१) ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको प्रकृया पुरा गरेको हुनु पर्नेछ :-

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा संचालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेश गर्ने मुनासिब माफिकको मौका दिएको हुनुपर्ने ।

(घ) संचालक समितिको निर्णय भएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिम संचालक समितिको निर्णय चित्त नबुझेमा साधारण सभामा उजुरी गर्नुपर्नेछ । साधारण सभाको निर्णय उपर चित्त नबुझेमा दर्ता अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

## परिच्छेदः- ३

## साधारण सभा

**१५. साधारण सभा :-**

(१) साधारण सभाको सूचना र कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने गरी पत्रचार, इमेल वा एस.एम.एस., एफ.एम., रेडियो, पत्रपत्रिका लगायत संचारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभामा सदस्यहरु स्वयम उपस्थित हुनुपर्नेछ ।

(३) साधारण सभाको प्रस्ताव एवं प्रतिवेदन साधारण सभा प्रारम्भ हुनु अगावै सदस्यलाई उपलब्ध गराउनु पर्दछ ।

(४) साधारण सभाको निर्णय प्रमाणित गर्न सञ्चालक समितिको संख्या भन्दा कम्तीमा एक जना बढी हुने गरी साधारण सभामा उपस्थित सदस्यहरुमध्येबाट चुनिने छ । उक्त सदस्यहरुले साधारण सभाको निर्णय पुस्तिकाको प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) सहकारी ऐन २०७४ को दफा २९ को (६) को व्यवस्था बमोजिम सदस्य संख्या कायम भएको अवस्थामा एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभा गर्न असुविधा परेमा एक भन्दा बढी स्थानमा साधारण सभा राख्न सकिने छ । यसरी साधारण सभा सञ्चालन गर्दा समान

कार्यसूची राखेर साधारण सभा डाक्नु पर्दछ । यसरी साधारण सभा सञ्चालन गर्दा संस्थाले कार्यविधि तयार गरी सोही बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

(६) उपनियम (५) मा उल्लिखित अवस्थामा निर्णय प्रमाणित गर्ने व्यक्तिहरुको छनौट उक्त सभाहरुबाट समेत गर्नुपर्नेछ ।

(७) उपनियम (५) बमोजिम भएका निर्णयहरु साधारणतया अन्तिम साधारण सभा भएको सात दिनभित्र चुनिएका प्रतिनिधिहरुले उपनियम (४) बमोजिम निर्णय प्रमाणित गर्नुपर्नेछ ।

## १६. संचालक समितिको बैठक :-

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठक बीचको अवधि साधारणतया पैतालीस दिनभन्दा बढी हुने छैन ।

(३) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिम बैठक नबोलाइएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् ।

(४) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत संचालकबाट प्रमाणित गर्नुपर्नेछ

(५) समितिको बैठकको गणपुरक संख्या समितिका कुल सदस्य संख्याको बहुमत हुनेछ ।

(६) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा संचालकहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

## १७. समितिको काम, कर्तव्य र अधिकार:-

सहकारी ऐनको दफा ३२ मा उल्लिखित कार्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्य संचालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुऱ्याउनका साथै प्राप्त निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने ।

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गराउने,

(ङ) संस्थाको कार्यसंचालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरुको कार्यान्वयन गर्ने, गराउने ।

(च) आवश्यकतानुसार उप समितिहरु गठन गर्ने

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचार संहिता बनाई लागु गर्ने ।

(ज) विनियममा उल्लिखित अन्य कार्यहरु गर्ने ।

## १८. उद्देश्य विपरित कार्य गरेको मानिने :-

बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाको ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नरहेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा(३) को खण्ड (ग) को प्रयोजनार्थ उद्देश्य विपरित कार्य गरेको मानिनेछ ।

## परिच्छेद : ४
## बचत तथा ऋण परिचालन

**१९.व्यक्तिगत बचतको सिमा** : सहकारी ऐनको दफा ४१ बमोजिम संस्थाको कुल बचत र शेयरको अनुपात १:१५ कायम गर्नुपर्नेछ ।

**२०. ऋण लगानीको सिमा:**

(१) सम्बन्धित सहकारी संस्थको शेयर पूंजी र जगेडा कोषको १० प्रतिशतसम्म प्रति सदस्य अधिकतम सीमा कायम गर्न सकिने छ । ऋण लगानी गर्दा धितो जमानत तथा धन जमानतमा ऋण प्रवाह गर्नु पर्ने छ । जमानीको धन जमानतमा समेत ऋण प्रवाह गर्न सक्ने छ । संस्थाको स्वीकृत नीति बमोजिम बिना धितो लघु ऋण लगानी गर्न बाधा पर्ने छैन ।

(२) ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

(३) सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले ऋण प्रवाह गर्दा एक पटकमा ४९ प्रतिशत संख्या भन्दा बढीमा ऋण प्रवाह गर्न पाइने छैन ।

**२१. ब्याजदर सम्बन्धी व्यवस्था :**

संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा समान उद्देश्यमा, समान समयमा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन । लिने दिने ब्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट सदस्य एवं संस्थालाई हानी पुऱ्याइएको रकम सम्वन्धित पक्षबाट असूल उपर गरिनेछ ।

**२२. सदस्यको रकम फिर्ता :-**

(१) सदस्यको सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको साधारण सभा सम्पन्न भएको बढीमा तीस दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ:

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजको भुक्तानी लिन बाँकी शेयर लाभांश वापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता वापतको रकम ।

(२) उपनियम(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ४३ को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेको बखत ब्याज सहित तुरुन्त दिनुपर्नेछ ।

## परिच्छेद : ५
## संस्थाको कोष

**२३. संस्थाको कोष** : गाउँपालिकाको सहकारी ऐनको दफा ४६ को उपदफा (१) मा भए बमोजिमको रकम रहने छ ।

**२४. जगेडा कोष** : गाउँपालिकाको सहकारी ऐनको दफा ४७ को उपदफा (१) बमोजिम एक जगेडा कोष रहनेछ । जगेडा कोष अविभाज्य हुनेछ । देहाय बमोजिमको रकमहरु समेत जगेडा कोषमा सार्न सकिने छ ।

(१) साधारण सभाले निर्णय गरेको अवस्थामा संस्थाका सम्पूर्ण कोषहरुको रकम

## २५. संरक्षित पूँजी फिर्ता कोष वितरणका आधारः-

(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछः-

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको व्याज वा बचतमा प्राप्त गरेको व्याज र अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेका वस्तु वा सेवाको मूल्य,

(ग) श्रमिक संस्थामा सदस्यको संस्थाबाट प्राप्त गरेको ज्याला,

(घ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड(क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम(१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचत रकमको लागि(४०) चालीस प्रतिशत र ऋणमा तिरेको व्याज रकमको लागि (६०) साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम(१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नाघेको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।

(५) गत आर्थिक वर्षको कारोवारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम वितरण गरेर बाँकी रकम वार्षिक रुपमा नै जगेडा कोषमा सार्नुपर्नेछ ।

## २६. अन्य कोष सम्बन्धी व्यवस्थाः-

(१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस (२५) प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष पच्चीस (२५) प्रतिशत र शून्य दशमलव पाँच (०.५) प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्याई बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा कम्तीमा पाँच (५) प्रतिशत रकम नघट्ने गरी देहायको दरले छुटयाई वितरण गर्नुपर्नेछ :-

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) स्थिरीकरण कोष,

(ज) अन्य कोष

(२) उपनियम(१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलव भन्दा बढी नहुने गरी रकम वितरण गर्नुपर्नेछ । सम्बन्धित सहकारी संस्थाको १० जना देखि माथि संख्यामा कर्मचारी रहेको खण्डमा कोष खर्च खुद बचत (नाफा) पूर्व नै व्यवस्था गर्न सक्ने छ । यसरी कोष खर्च लेख्दा कर्मचारी बोनस कोषको प्रतिशत शेयर लाभांश कोषमा समाहित गरी लाभांश वितरण गर्न सक्नेछ ।

(३) सहकारी प्रवर्द्धन कोषको रकम परिचालन संघीय सहकारी नियमावली, २०७५ को नियम २६ बमोजिम हुनेछ ।

(४) सहकारी संस्थाले साधारणसभाबाट निर्णय गरी अन्य कोषहरुको व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेदः- ६
## अभिलेख र सूचना

२७. **अभिलेखः-**

(१) ऐनको दफा ५१ को उपदफा(२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्य संचालनको अभिलेखका साथै आफुले गरेको कारोबारको प्रचलित कानुनले तोकेको लेखामान तथा ढाँचाअनुसार राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछः-

(क) सदस्यता दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप समितिहरु, संयुक्त बैठकहरुको छुट्टाछुट्टै निर्णय पुस्तिका,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाको अन्य कुनै व्यक्ति वा संघ, संस्था वा निकायसँग कुनै कारोवार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात(स्टक) दर्ता किताब /जिन्सी खाता

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरु,

(ञ) प्रचलित कानुनले तोकेको ढाँचा बमोजिमको हिसाब परीक्षण सुची, आय-व्यय र स्थिति विवरण पत्र (वासलात)

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय समयमा प्रचलित कानुनले तोकीएको अन्य अभिलेख एवं खाताहरु ।

(३) पाँच करोड रुपैयाभन्दा बढी कारोवार गर्ने सहकारी संस्थाले उपनियम(१) बमोजिम राख्नुपर्ने अभिलेख प्रचलित कानुनले तोके बमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण सहकारी हेर्ने गाउँपालिकाको सहकारी शाखा र सहकारी विभागले तोकेको सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना व्यवस्थापन प्रणाली **(COPOMIS)** मा अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठ सुरक्षा (व्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ ।

२८. **विवरण उपलव्ध गराउनेः-** प्रत्येक सहकारी संस्थाले ऐनको दफा ५२ मा उल्लेख भएका विवरणको साथ साथै **अनुसूची-१३** अनुसारको विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

## परिच्छेदः- ७
## छुट, सुविधा र सहुलियत

२९. **छुट, सुविधा र सहुलियतः-** (१) ऐनको दफा ५७ को उपदफा(२) बमोजिम सहकारी संस्थाको जग्गा, जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित संघीय रजिष्ट्रर समक्ष निवेदन दिनु पर्नेछ :-

(क) यसरी निवेदन दिनुअघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई बचत सम्पत्ति खरिद गरेको भए जग्गा धनी लालपूर्जा र सम्बन्धित कागजातको प्रतिलिपि,
(ख) साधारण सभाको बैठकबाट घर जग्गा धनीको नाम, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपी,
(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरण,
(घ) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र वचत रकमको लेखा परीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,
(ङ) मकवानपुरगढी गाउँपालिकाले सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखाई सुधारका लागि निर्देशन दिएको भए उक्त सहकारी संस्थाले निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्य योजना ।

(२) उपनियम(१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीको छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) अन्य व्यवस्था संघीय सहकारी ऐन र नियमावली बमोजिम हुनेछ ।

**३०. ऋण तथा बाँकी बक्यौता असुलीः-**

(१) ऐनको दफा ५८ बमोजिम संस्थाको ऋण तथा बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु पर्नेछः-
(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउन र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्छ ।
(ख) खण्ड(क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्यादभित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम बिक्री गर्ने सुचना प्रकाशन गर्नु पर्नेछ ।
(ग) धितो राखेको घर जग्गा-जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।
(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम बिक्री सूचना प्रकाशन गर्नु पर्दा धितोको विवरण निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उल्लेख गरी सूचना प्रकाशन गरेको मितिले चल/सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिनभित्र लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरिने बारेको सूचना संस्थाको कार्यालय, स्थानीय तह, सम्बन्धित वडा कार्यालय, सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्र पत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।
(ङ) लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ । तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।
(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्तिको सम्बन्धित स्थानीय तह वा वडाको प्रतिनिधि, जिल्ला प्रशासन वा इलाका प्रहरी कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कर्यालय वा स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलन चल्तीको मोल कायम गरी सोही रकम भन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरुमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।

तर संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उप समिति, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढावढमा भाग लिन पाउने छैनन् ।

स्पष्टिकरण नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, बुहारी, दाजु, भाइ दिदी, बहिनी, सासु, ससुरा, ज्वाइ, साला, सालीलाई सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहवरमा लिलाम विक्रीको शिलबन्दी खोलेपछि विनियमले तोके बमोजिमको ढाँचाको फारममा निजहरुले बोलको अंक अक्षर स्पष्ट खोली निजहरुको सहीछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चल, अचल सम्पत्ति लिलामको डाँक बढावढ गर्दा गोप्य शिलबन्दी आव्हान गर्नुपर्नेछ ।

(२) लिखित रुपमा अनुरोध गर्दा पनि उपनियम (१) को खण्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनीधि खटी नआएमा उपस्थित प्रतिनिधि र गाउपालिका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी न्यूनतम मुल्य कायम गरी मुचुल्का गराइ लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम विक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सुचना पठाउनु पर्नेछ ।
तर त्यसरी लिलाम विक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा(२) बमोजिम धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैले सकार गर्न सक्नेछ ।

३१. **लिलाम विक्री स्थगित गर्न सक्नेः-** लिलाम विक्रीको सूचना प्रकाशित भैसकेपछि मनासिव माफिकको कुनै कारण परी सो लिलाम विक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम विक्रीको सूचना प्रकाशन गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम विक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

३२. **असुल उपर हुन नसकेको रकम अरु जायथेथाबाट असुल उपर गर्नेः-** (१) धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको हक भोगको नेपालको जनसुकै ठाउँमा रहेको सम्पत्तिबाट एक वर्षभित्र प्रचलित नियम बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गरी असुल उपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एकाघरको परिवारले कमाएको बाली लिलाम विक्री गरी साँवा, व्याज र हर्जनको रकम असुल उपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोसजम लिलाम विक्री गर्दा लिलाम विक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ ।

३३. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्नेः-**

(१) लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम सोही दिन वा भोलीपल्ट धरौटीको रुपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटी बापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नुपर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन वा भोलिपल्ट नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नुपर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मुल्य बुझाएमा निजको नाउँमा वा नियम १९ को उपनियम(३) बमोजिम संस्थाले सकारेमा संस्थाको नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिला खारेज समेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

३४. **जायजेथा फिर्ता दिनुपर्नेः-** नियम २४ को उपनियम (१) को (घ) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफुले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको व्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्ने छ ।

३५. **सहकारी संघ-संस्थाले ऋणमा लिने हर्जना**

(१) सहकारी संघ संस्थाबाट ऋण लगानी गर्दा सदस्यले तिर्नु पर्ने प्रत्येक किस्ताको साँवा र व्याज तथा लाग्ने हर्जना समेत खुलेको विवरण २ प्रति तयार गरी एक प्रति ऋणीलाई बुझाइ एक प्रति निज व्यक्तिको ऋण फाइलमा राख्नुपर्नेछ ।

(२) सहकारी संघ संस्थाबाट गरेको ऋण लगानीको हर्जनामा एकरुपता कायम गर्नको लागि सहकारी मापदण्ड तयार गरी सोही बमोजिम गरिने छ ।

३६. **कालो सूची सम्बन्धी व्यवस्था**:

(१) ऐनको दफा ५९ बमोजिम कालो सूचीमा राख्न सक्ने व्यवस्था हुनेछ ।

(२) ऐनको दफा ५९ बमोजिम कालो सूचीमा पर्न सक्ने अवस्थाको बारेमा ऐनको १०१ बमोजिम संस्थाहरुलाई निर्देशन जारी गर्न सक्ने छ ।

३७. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्वन्धी व्यवस्था संघीय कानूनमा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेदः- ८

## सहकारी संस्थाको एकीकरण, विभाजन तथा खारेजी

३८. **सहकारी संस्थाको एकीकरणः-** ऐनको दफा ६५ को उपदफा (१) बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका प्रकृया अपनाउनु पर्नेछ ।

(१) सहकारी ऐन २०७४ को दफा ६५ को (२) बमोजिम गणपुरक संख्याले संस्था एकीकरण गर्ने सम्वन्धमा निर्णय गरेको हुनु पर्नेछ । निर्णयमा देहायका विषयहरू समावेश हुनु पर्नेछ :-

(क) एकीकृत संस्थाको नाम एकिकृत हुने संस्था मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयाँ नाम के राख्ने हो सोको उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ख) एकीकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने ।

(ग) कुन कुन संस्थासंग एकीकरण गर्ने हो सो उल्लेख गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा सशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) सम्बन्धित संस्थाको शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकममा एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै एकिकृत हुने संस्थाहरूको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।

(च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरू के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(२) एकीकरण हुने संस्थाहरूको अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण साधारण सभाबाट अनुमोदन गराएको हुनु पर्नेछ र चालु आर्थिक वर्षको कारोवारको आन्तरिक लेखा परीक्षण गरी सोको प्रतिवेदन समेत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका विषयहरू समावेश भएको सम्बन्धित संस्थाको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सहित दर्ता अधिकारी समक्ष आवेदन गर्नु पर्नेछ ।

(४) कार्यक्षेत्र एक अर्कासँग जोडिएको हुनुपर्ने ।

(५) एकीकरण हुने संस्थाको मौजुदा कार्यक्षेत्र कायम राखी थप कार्यक्षेत्र विस्तार गर्न आवश्यक भएमा एकीकरण कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(६) सहकारी एकीकरण गर्दा एकै प्रकृतिको सहकारी संस्था एकीकरणमा प्राथमिकता दिइने छ । फरक प्रकृतिका सहकारी संस्था भएता पनि एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने छ । महिला सहकारी संस्थाहरुको एकीकरण महिला मात्रै सदस्य भएको सहकारी संस्था बीच एकीकरण गर्न प्राथमिकता दिईने छ । विशेष रुपमा पिछडिएका समुदायमा स्थापित संस्थाको साँगठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन ।

(७) उपदफा (२) बमोजिम संस्था एकिकरणका लागि आवेदन परेमा सहकारी अधिकृतले जाँचबुझ गरी संस्थाको एकिकरण गरी दिने र मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने । एकिकृत संस्थाको विनियममा "एकिकृत हुने संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिने" भन्ने प्रावधान राख्ने ।

(८) एकीकरण हुने सहकारी संस्थाहरूलाई विशेष सहुलिएत व्यवस्था गर्न सक्ने छ ।

३९. **सहकारी संस्थाको विभाजन:** ऐनको दफा ६५ को उपदफा (१) बमोजिमकुनै एक सहकारी संस्थालाई दुई वा दुई भन्दा बढी संस्थाहरू विभाजन गर्दा देहायका आधारमा गरिनेछ ।

(१) विभाजन हुन चाहने सम्बन्धित संस्थाको ५१ प्रतिशत सदस्यको उपस्थितिमा संस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(२) साधारण सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायका विषय खुलाउनु पर्नेछ ।

(क) कति जना सदस्यहरू संस्थाबाट अलग हुने हुन सो को नामनामेसी र निजहरूले लिएको शेयर रकमको विवरण ।

(ख) संस्थाको विनियम बमोजिमका कोषहरूका छुट्टाइएको रकमको बाँडफाड सम्वन्धी विवरण ।

(ग) संस्थाको नाफा नोक्सानको बाँडफाड सम्वन्धी विवरण ।

(घ) संस्थाको सम्पत्ति तथा दायित्व बाँडफाड सम्वन्धी विवरण ।

(ङ)अन्य आवश्यक विवरण ।

(३) उपनियम (१) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र उपनियम (२) बमोजिमको प्रतिवेदन समेत संलग्न गरी दर्ता अधिकारी समक्ष नयां संस्था दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया पुरा गरी नयां संस्था दर्ता गरिदिने । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गर्ने ।

४०. **सहकारी संघ संस्थाको विघटन तथा दर्ता खारेजी** : ऐनको दफा ६६ बमोजिम यो नियम जारी भए पश्चात देहायको अवस्थामा सहकारी संस्थाहरूको विघटन तथा दर्ता खारेज हुनेछ । यसरी दर्ता खारेजी भएमा संस्था विघटन हुनेछ । दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(१) संस्थाको साधारण सभाको कूल सदस्य संख्याको ५१ प्रतिशतले संस्था विघटन गर्ने निर्णय गरी दर्ता अधिकारी समक्ष निवेदन दिएमा,

(२) लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेको र लेखापरीक्षण समेत नगरेको पाइएमा,

(३) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,
(४) संस्थाले आफ्नो विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,
(५) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा,
(६) कुनै पनि प्रकृतिको सहकारी संस्था विघटन तथा दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिइने छ ।

४१. **लिक्वीडेटर नियुक्तिः-**
(१) ऐनको दफा ६७ को उपदफा (२) बमोजिम सहकारी संस्थाको सम्पत्ति लिक्वीडेशन गर्दा लिक्वीडेटर नियुक्ति गर्नु पर्नेछ ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मकवानपुरगढी गाउँपालिकाभित्र कार्यक्षेत्र भएका संस्थाको हकमा मकवानपुरगढी गाउँपालिकाले आफू मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

४२. **लिक्वीडेटरको काम कर्तव्य र अधिकारः-** ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हकवाला वा साबिकवाला सदस्यहरु वा मृत सदस्यहरको जायजेथाबाट बाँकी रकम नियममानुसार असुल उपर गर्ने ।
(ख) विघटन भएका संस्थासँग कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई पनि म्यादभित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।
(ग) साहहरु मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।
(घ) संस्था विघटन गर्ने सिलसिलामा संस्थाको जायजेथा जम्मा गर्ने वितरण गर्ने र सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।
(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावीको सम्वन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने ।
(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने ।
(छ) संस्थाको खातावही, कागजात, लिखित र जायजेथाको जिम्मा लिने ।
(ज) संस्थाको सम्पत्ति बेचबिखन गर्ने ।
(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।
(२) उपनियम(१) बमोजिमको अधिकारीहरुको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरुको सम्बन्धमा आवश्यक जाकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरु र संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफु समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

४३. **लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकारः-** नियमावली ४६ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ :-
(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,
(ख) संस्थाको खातावही, कागजात, लिखत र जायजेथाहरु पेश गराउन,

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकि दिने,
(घ) लिक्वीडेटरले जाँचको हिसाब किताबको प्रतिवेदन लिन,
(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन,
(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन र
(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**६४. लिक्वीडेशन कामको समाप्तिः-**
(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्थाको कोषबाट देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछः-
(क) विघटनको कामको निमित्त भएका खर्चहरु फछ्यौंट गर्न,
(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,
(ग) कर्मचारीको तलब भत्ता दिन,
(घ) ऋण भुक्तानी गर्न,
(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरु दिन,
(च) शेयर पूँजी फिर्ता दिन,
(छ) लाभांश नबाँडिएको समय जतिको हकमा शेयर पूँजीको अट्ठार प्रतिशतका दरमा नबढ्ने गरी लाभांश वितरण गर्न ।
(२) कुनै संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहुले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफुले पाउनु पर्ने रकमको निमित्त दावी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

**६५. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः-** (१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बाँकी रहन गएको सम्पत्तिको उपयोग देहाय बमोजिम हुनेछः-
(२) उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ :-
(क) विघटित संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संस्था,
(ख) सो संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ,
(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी अभियानलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्न स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

## परिच्छेदः- ९

## दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार

८६. **दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकारः-** (१) दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने ।

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने, विनियम सशोधन तथा पुर्नलेखन स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) नियमितरुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगाउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामिण महिला, अपागंता भएका व्यक्ति, भूमिहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्प संख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ,

(छ) सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरुलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा संचालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरुको विकास, सहकारी सिद्धान्त, मूल्य, मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन र यस नियमावली अन्तर्गत बनेका निर्देशनका, मापदण्ड, कार्यविधि तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भएको व्यवस्था बमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) सहकारी ऐनको दफा ६९ को उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(ठ) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको वार्षिक निरीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने,

(ड) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न सक्ने अवस्था नरहेको वा संस्था लगातार तीन वर्षसम्म घाटामा गएको लेखा परीक्षण प्रतिवेदनमा देखिएमा वा संस्थामा गम्भिर आर्थिक कठिनाई परी दामासाहीमा पर्न सक्ने अवस्था रहेको भन्ने निरीक्षण प्रतिवेदनमा उल्लेख भएमा दर्ता अधिकारीले त्यस्तो संस्थालाई सचेत गराउन बचत संकलनमा रोक लगाउन सक्नेछ ।

(ढ) प्रचलित कानुन बमोजिम सहकारी संस्थाले प्राप्त गर्न सक्ने छुट, सुविधा सहुलियतका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ण) यस ऐन, नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि र सहकारी विभाग तथा संघीय तथा प्रदेश निकायबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेदः- १०

## निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था

४७. **निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्थाः-**

(१) प्रत्येक सहकारी संस्थाहरूले एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भई आफ्नो संस्थाको विवरण प्रविष्टि गर्नु पर्नेछ ।

(२) नियम ४६ उपनियम (१) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था निरीक्षण तथा अनुगमन समितिले नियमित अनुगमन गरी सहकारी ऐन तथा नियमावली बमोजिम कार्य भए नभएको पाइएमा तत्काल निर्देशन दिइनेछ ।

(३) ऐनको दफा ७१, ७२ र ७३ बमोजिम गाउँपालिकाभित्र रहेको जुनसुकै सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था तपसिल वमोजिमको समितिले गर्नेछ :-:

| | |
|---|---|
| (क) गाउँपालिकाको आर्थिक विकास समिति संयोजक | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| (घ) ऐनको दफा ११ (२) बमोजिम गठित गाउँ सहकारी समन्वय समितिको संयोजक सहित ३ जना | सदस्य |
| (ङ) आन्तरिक लेखा परीक्षक वा आर्थिक प्रशासनका कर्मचारी शाखा प्रमुख | सदस्य |
| (च) सहकारी शाखाका शाखा प्रमुख | सदस्य सचिव |

(४) निरीक्षण तथा अनुगमन समितिका पदाधिकारिहरुलाई अनुगमन गर्ने कार्यमा गए वापत कार्यपालिका सदस्य सरह वैठक भत्ता उपलव्ध गराइने छ ।

(५) उपनियम (३) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानुन बमोजिम संचालन तथा व्यवस्थापन भए गरेको नपाईमा प्रचलित कानुन बमोजिम त्यस्ता सहकारी संस्था संचालक, व्यवस्थापक, जिम्मेवार सदस्य तथा कर्मचारीहरुलाई कारवाही गरिनेछ ।

(६) उपनियम(५) बमोजिम कारवाही गर्दा सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै संचालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरुबाट प्रचलित कानुन बमोजिम असुल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(७) सहकारी संस्थाहरुले एकीकृत व्यवस्थापन सूचना प्रणाली**(COPOMIS)** मा अनिवार्य आवद्ध हुनु पर्नेछ ।

(८) उपनियम (१) बमोजिमका संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिकोस्तर, तरलता, लगानीका क्षेत्र लगायतमा गाउँपालिकाले तोकेको मापदण्डहरु पालना गर्नुपर्नेछ ।

(९) उपनियम(२)बमोजिम तोकिएको मापदण्डहरुको पालनाको अवस्था उपनियम(१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(१०) आवश्यकतानुसार अनुगमन समितिमा विषय विज्ञ आमन्त्रण गरिनेछ ।

(११) जिल्ला सहकारी संघ र विषयगत संघहरुलाई सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

४८. **वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरणः-** ऐनको दफा ७४ उपदफा(२) को खण्ड (ङ) बमोजिम दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा सहकारी संस्थामा वर्तमानमा देखा परेका समस्याहरू र समाधानका उपायहरू समेत समावेश हुनुपर्नेछ ।

४९. **अन्तर सहकारी कारोवारः-** (१) ऐनको दफा ९४ बमोजिम अन्तर सहकारी कारोवार गर्दा संलग्न सस्थाहरुको विनियमा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) संस्थाले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोवारलाई बढावा दिने गरी सयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोवारमा संलग्न विभिन्न संस्थाको सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था(लिड को अपरेटिभ) को अवधारणबाट कुनै एक संस्था मार्फत उत्पादन, सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना संचालन गर्न सक्नेछन् ।

(४) ऐन को व्यवस्था अनुसार गठित विशिष्टीकृत सहकारी संघ र संस्थाहरू बीच शेयर कारोबार गर्न सक्नेछ ।

(५) एक सहकारी संस्थाको सदस्यले नेपालभरको अर्को कुनै सहकारी संस्थाबाट विद्युत्तीय प्रणाली मार्फत आफ्नो खातामा रकम जम्मा गर्न र आफ्नो खातामा रहेको बचत रकम झिक्न सक्ने गरी संस्थाहरूको बीचमा अन्तर सहकारी कारोबार गर्न सकिनेछ ।

(६) तर सहकारी कारोवार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले स्वीकृत गरेको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिम हुनेछ ।

५०. **संस्थाले नीति तथा कार्यविधि बनाउनुपर्नेः-** (१) सहकारी संस्थाले संस्थालाइ नीति संगतले सञ्चालन गर्न आर्थिक तथा प्रशासनिक नीति, कर्मचारी नीति, शेयर, बचत तथा ऋण परिचालन नीति बनाउनु पर्नेछ ।

(२) उपनियम(१) बमोजिमका संस्थाले उपनियम(१) मा उल्लिखित नीति तथा कार्यविधिका अतिरिक्त अन्य नीति तथा कार्यविधि समेत बनाउन सक्नेछ ।

५१. **बचत तथा ऋण सहकारी संस्थाको निरिक्षण वा हिसाब किताब जाँच :**

(१) ऐनको दफा ७१ उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैङ्कले रु.२५ करोड भन्दा बढीको बचत तथा ऋण सहकारी संस्थाको निरीक्षण वा हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनका लागि आर्थिक कारोबार भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको वासलातको जम्मा जायजेथाको रकम सम्झनुपर्छ ।

(२) रु. १० करोड भन्दा बढीको बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्दा दर्ता अधिकारीले विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ सहकारी बैंकका प्रतिनिधिको समेत सहयोग लिन सक्नेछ ।

(३) ऐनको दफा ७७ उपदफा (२) बमोजिमका समस्याग्रस्त सहकारीको अनुगमन तथा हिसाब जाँच ऐनको व्यवस्था अनुसार हुनेछ ।

५२. **सम्मान वा पुरस्कार र प्रोत्साहन सम्बन्धी व्यवस्थाः-**

(१) गाउँपालिकाले आधार मापदण्ड बनाई दर्ता अधिकारीले एकीकरण गर्ने संघ, संस्था वा उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संघ, संस्थाका सदस्य, संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र वा विक्री केन्द्र स्थापना, अनुदान रकम प्रदान गरी सम्मान वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा संस्थाका सदस्य सहकारी संस्था वा निकायहरुका लागि छुट्टाछुट्टै आधारहरु तय गरी गरिनेछ ।

दोर्जे लामा घ्याङतान
अध्यक्ष

५३. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** संघीय ऐन दफा १०३ को व्यवस्था बमोजिम हुनेछ ।

५४. **गाउँ सहकारी समन्वय समितिको काम कर्तव्य र अधिकार** : सहकारी ऐन दफा ११ (२) बमोजिम गठित गाउँ सहकारी समन्वय समितिको काम कर्तव्य र अधिकार उल्लेखित कार्यविधि तयार गरी लागू गरिने छ ।

५५. **ऐनको ७८ (२) मा व्यवस्था भए बमोजिम समस्या ग्रस्त सहकारी सिफारिस पहिचान देहाय बमोजिम समिति हुनेछ :**

| | |
|---|---|
| क) गाउँपालिका लेखा शाखा प्रमुख | संयोजक |
| ख) जिल्ला बचत तथा ऋण सहकारी अध्यक्ष | सदस्य |
| ग) चार्टर एकाउण्टेण्ड मनोनित | सदस्य |

५६. ऐनको ७८ (२) मा व्यवस्था भए बमोजिम समस्या ग्रस्त सहकारी सिफारिस पहिचान देहाय बमोजिम काम कर्तव्य र अधिकार हुनेछ :-

क) सहकारीको वित्तिय प्रणालीमा सिर्जित तरलताको अवस्था
ख) संस्थागत सुशासनको अवस्था बारे जानकारी
ग) संचालक र सदस्य बीचको सम्पर्क बारे जानकारी
घ) सहकारीले प्रचलित ऐन, कानुन, नियमको कार्यान्वयनको अवस्था बारे जानकारी
ङ) अनुत्पादन क्षेत्रमा भएको लगानीको जानकारी
च) संचालकहरुले आफै ऋण लगानी गरेको अवस्था
छ) बिना धितो ऋण लगानीको अवस्था

५७. **बाधा अड्काउ फुकाउ सम्बन्धी विशेष व्यवस्थाः-** यो नियम तथा यस अन्तर्गत बनेका कार्यविधि, निर्देशिका र मापदण्डको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अवरोध पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

५८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः-** गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

अनुसूची १

दर्ता दरखास्तको नमूना

मितिः- २०...../........../...........

श्री दर्ता गर्ने अधिकारीज्यू,
मकवानपुरगढी, गाउँ कार्यपालिकाको कार्यालय, मक्रान्चुली, मकवानपुर ।

**विषयः- सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्यअनुसार संस्थाले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्व :-

(छ) सदस्य संख्याः-

(१) महिला................. जना २) पुरुष................. जना

(ज) प्राप्त शेयर पूँजीको रकमः- रु.........................।

(झ) प्राप्त प्रदेश शुल्कको रकमः- रु.......................।

**आवेदकहरुको तर्फबाट**

नामः

हस्ताक्षर-

पदः- तदर्थ संचालक समितिका

अध्यक्षः-

(प्रस्तोवित.........,.........

सहकारी संस्था लि.

## अनुसूची २

(नियम ४ को उपनियम(२) सँग सम्बन्धित)

## सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

१. परिचय:-

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

  ५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

  ५.२ सदस्यहरुको संरक्षण सुनिश्चि गर्ने आधारहरु

  ५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण

६. पूँजी आवश्यकता र स्रोत

  ६.१ आवश्यकताको अनुमान

  ६.२ स्रोत

  ६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरु

७. बजार विश्लेषण

  ७.१ नजिकको बजार

  ७.२ टाढाको बजार

  ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरु

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आधारहरु

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरु ।

अनुसूची- ३

नियम ४ को उपनियम(२) संग सम्बन्धित)

## आवेदकहरुको विवरण फारामको ढाँचा

| सि.नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगना | पेशा | सदस्यले लिने स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | औठाछाप | फोटो र फोटोमा पर्ने गरी सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

दोर्जे लामा स्याङतान्
अध्यक्ष

अनुसूची- ४

(नियम ४ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्था/संघ/बैकको नाम:-

ठेगाना:-

क. उद्देश्य:-

१.............................................................................................................

२.............................................................................................................

३.............................................................................................................

ख. कार्यहरु:-

१.............................................................................................................

२.............................................................................................................

३.............................................................................................................

४.............................................................................................................

५.............................................................................................................

६.............................................................................................................

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपण

**१. सदस्यता विस्तार लक्ष्य**

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (संघसंस्था) संख्या | | | | |
| - महिला | | | | |
| - पुरुष | | | | |
| - जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित | | | | |

**२. व्यावसायिक सेवा विस्तार लक्ष्य**

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (संघसंस्था) संख्या | | | | |

दोर्जे लामा

| | | | | |
|---|---|---|---|---|
| - परिमाण(....................) | | | | |
| - रकम(रु.) | | | | |
| - लाभान्वित हुने सदस्य(जना) | | | | |
| - सदस्य(संघ संस्था) लाई वस्तु वा सेवा बिक्री | | | | |
| - परिमाण(............) | | | | |
| - रकम(रु.) | | | | |
| - लाभान्वित हुने सदस्य(जना) | | | | |
| - सदस्य(संस्थाका सदस्य) लाई रोजगारको अवसर सृजना | | | | |
| - प्रत्यक्ष पूर्णकालीन(जना) | | | | |
| - प्रत्यक्ष पूर्णकालीन(वर्षमा २०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| - सदस्य(संस्थाका सदस्य) लाई ऋण सेवा( वार्षिक) | | | | |
| - क्म(रु.) | | | | |
| - जना | | | | |
| - सदस्य(संस्थाका सदस्य) लाई वचत साँवा मौज्दात) | | | | |
| - रकम(रु.) | | | | |
| - जना | | | | |

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्यद बैठकहरु आयोजना(वार्षिक पटक) | | | | |
| • सामुदायिक विकासका योजनाहरु संचालन | | | | |

घ. पूँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| • स्थीर पूँजीतर्फ(घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| - चलु पूँजीतर्फ(मौज्दात मालसामान, उधारो बिक्री, नगद मौज्दात आदि) | | | | |
| - ऋण लगानीतर्फ | | | | |
| - जम्मा | | | | |
| - स्रोत | | | | |
| - शेयर पूँजी | | | | |
| - जगेडा कोष | | | | |
| - अन्य(.............) | | | | |
| - सदस्यको बचत(सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ. सञ्चालक समितिको जिम्मेवार

- ..........................................................................
- ..........................................................................
- ..........................................................................
- ..........................................................................

च.. गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

- ..........................................................................
- ..........................................................................
- ..........................................................................
- ..........................................................................

छ. लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी

- ..........................................................................
- ..........................................................................
- ..........................................................................
- ..........................................................................

ज. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

- ..........................................................................
- ..........................................................................
- ..........................................................................
- ..........................................................................

झ. प्रत्येक सदस्यको जिम्मेवारी

- ..........................................................................
- ..........................................................................
- ..........................................................................
- ..........................................................................

ञ. कार्ययोजनाबाट सदस्य(संस्थाका सदस्य) हरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

- ..........................................................................
- ..........................................................................

ट. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

- ..........................................................................
- ..........................................................................

दोर्जे लामा स्याङतान्
अध्यक्ष

अनुसूची- ५

नियम ४ को उपनियम(३) को खण्ड(ग) सँग सम्बन्धित)

## भरपाईको ढाँचा

भरपाई दादै प्रस्तावित............................................... सहकारी संस्था लि. को तदर्थ संचालक समितिका............................ श्री ........................................ आगे उक्त सहकारी संस्था लि. का सदस्यहरको................ प्रारम्भिक भेलाको मिति................................ को निर्णय बमोजिम प्रतिशेयर रु.......................... । का दरले............................ जनाबाट जम्मा...................... कित्ताको हुन आउने जम्मा रकम रु..............................(अक्षरेपि रुपैयाँ.............................. मात्र) र प्रवेश शुल्क प्रतिव्यक्ति रु........................ । का दरले हुन आउने रु.......................। (अक्षरेपि...................................... मात्र) गरी जम्मा रु...............................।(अक्षरेपि................................ मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा वैक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भरपाईमा सहीछाप गरी.................... कार्यालयमा पेश गरेको छु । प्राप्त रकम हाल मेरो.....................मा रहेको...................... हिसाब नं..........................मा जम्मा गरी वैक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको वैक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

इति संवत २०............ साल............. महिना............. गते रोज............ शुभम् ।

## अनुसूची- ६

नियम ४ को उपनियम(३) को खण्ड(घ) सँग सम्बन्धित)

### तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारामको ढाँचा

| सि.नं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेश | निर्वाचित मिति | बहाल रहने अवधि | औंठाछाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |

तोया लामा स्याङतान
अध्यक्ष

## अनुसूची- ७

### नियम ४ को उपनियम(३) को खण्ड (ङ) सँग सम्बन्धित)

### स्व-घोषणा पत्रको ढाँचा

प्रस्तावित श्री............................................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरुले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक- सामाजिक संस्था गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखत कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौ :-

हामी आवेदकहरु कोही पनि:-

- यही प्रकृतिको अन्य सहकारी संस्थाो सदस्य छैनौ,
- बैक बित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/बैकको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ,
- यस अघि सहकारी संस्था खोली सदस्यहरको रकम हिनामिनागरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हेनौ,
- सम्पत्ति शुद्धीकरणसम्बनधी कसुरमा सजाय पाएका व्यक्ति हैनौ र
- सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानूनबमोजिम स्वावलम्वन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयिमिक विकासका लागि यस संस्थाको संचालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक, साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्नें:-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगना र सम्पर्क नम्वर | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूची- ८

नियम ४ को उपनियम(३) को खण्ड(च) सँग सम्बन्धित)

## अधिकार प्रत्यायोजन पत्रको ढाँचा

मितिः- २०........../............/...........

श्री रजिष्ट्रारज्यू,

.................................।

### विषयः- अधिकार प्रत्यायोजन ।

**महोदय,**

यस प्रस्तावित............... सहकारी संस्था/संघ/बैक लि. को मिति २०....../...../...... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूर ागर्ने सिलसिलामा हामी तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ संचालक समितिका.........श्री....................श्री................ र ............श्री..............श्री................ समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिकोः-

| नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|
| १. श्री........................... | | | |
| २. श्री........................... | | | |
| ३. श्री........................... | | | |

**आवेदकहरुकोः-**

| सि.नं. | नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १. | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रस्टव्यः अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

## अनुसूची- ९

### संघ संस्था दर्ताका लागि आवेदन दिने संघ संस्थाहरुको विवरण

| सि.नं. | आवेदक संघसंस्थाको नाम | दर्ता नं. र मिति | ठेगना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पूँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | अधिकारीक प्रतिनिधिको नाम, थर | सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अध्यक्ष

# अनुसूची- १०

## सहकारी बैक दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण

| सि.नं | आवेदक संघ संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पूंजी | जगेडा कोष | वित्तीय अवस्था | | | | | खरिद गर्ने शेयरको रकम | | | अधिकारीक प्रतिनिधिको नाम, थर | सही छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लिएको रकम रु. | ऋण लिएको निकाय | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व. को नाफा/घाटा रकम रु. | प्रतिशेयर रकम रु. | खरिद शेयर संख्या | शेयरकोजम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- ११

## विशिष्टीकृत संघ संस्था दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण

| सि.नं. | आवेदक संस्थाको नाम | दर्ता नं र मिति | ठेगाना | विषयगत वर्गीकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पूंजी | जगेडा कोष | कारोबारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लिएको रकम रु. | पछिल्लो आ.व. को जम्मा खरिद रु. | पछिल्लो आ.व. को जम्मा बिक्री रु. | पछिल्लो आ.व. को नाफा/घाटा रकम रु. | प्रतिशेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

दोर्जे लामा स्याङतान
अध्यक्ष

अनुसूची १२

<u>संस्था दर्ता प्रमाण- पत्रको नमूना</u>

मकवानपुरगढी गाउँपालिकाको कार्यालय, मकान्चुली, मकवानपुर ।

# सहकारी दर्ता प्रमाण-पत्र

दर्ता नं. :

.............................. गाउँपालिका सहकारी ऐन,................ को दफा.................... बमोजिम श्री ........................... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

बर्गीकरण ......................

दरखास्त

दर्ता गरेको मितिः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

दोर्जे लामा स्याङतान
अध्यक्ष

# अनुसूची-१३
## विनियममा उल्लेख गर्नु पर्ने विषयहरू

**प्रस्तावना**

१. संक्षिप्त नाम र प्रारम्भ

२. सस्थाको नाम र ठेगाना

३. परिभाषा

४. उद्देश्य

५. कार्य

६. कार्यक्षेत्र

७. संस्थाको सदस्य

८. सदस्यताको योग्यता

९. सदस्यताका लागि निवेदन र प्राप्ति

१०. सदस्यताबाट अन्त्य

११. सदस्यको निष्कासन

१२. सदस्यताबाट राजीनामा

१३. पुन सदस्यता

१४. सदस्यताको काम,कर्तव्य र अधिकार

१५. सदस्यता खुला रहने

१६. सदस्यता प्राप्ति,पुन प्राप्ति र राजीनामा स्वच्छीक हुनु पर्ने

१७. सेयर पुजी

१८. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने

१९. थप सेयर खरिद गर्न सक्ने

२०. सेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृतिम छेकवार नलगाइने

२३. सेयर प्रमाण पत्र

२४. सदस्यको दायित्व सीमित हुने

२५. प्रारम्भिक साधारण सभा

२६. वार्षिक साधारण सभा

२७. विशेष साधारण सभा

२८. साधारण सभाको बैठक

२९. साधारण सभाको काम,कर्तव्य र अधिकार

३०. साधारण सभाको निर्णय अनिवार्य हुने

३१. गाउ /टोल /उपक्षेत्रीय बैठक

३२. गाउ /टोल /उपक्षेत्रीय बैठकका कार्यहरू

३३. गाउ /टोल /उपक्षेत्रीय बैठकको कार्यव्यबस्था

३४. संचालक समिति

३५. सचालक समितिको काम कर्तव्य र अधिकार

३६. समितिको बैठक

३७. लेखा सुपरिवेक्षण समिति

३८. उत्तरदायित्व शृंखला

३९. अध्यक्षको काम कर्तव्य र अधिकार

४०. व्यवस्थापकको नियुक्ति

४१. व्यवस्थापकको काम कर्तव्य र अधिकार

४२. विशेष जिम्मेवारी

४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरू

४४. सस्थाको कोष

४५. कोषको सुरक्षा

४६. कोषको उपयोग

४७. जगेडा कोष

४८. सरक्षित पजी फिर्ता

४९. लाभांश वितरण नगरिने

५०. जगेडा कोषमा रकम सार्नु पर्ने

५१. बचत सकलन गर्न सक्ने /नसक्ने

५२. बचत संकलनमा सीमा

५३. ऋण दिन सक्ने

५४. ऋण प्रवाहमा सीमा

५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने

५६. साधारण सभाको स्वीकृत लिनु पर्ने

५७. सदस्य केन्द्रीयता

५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध

५९. कर्मचारिहरूसंगको कारोबारोमा निर्बन्धन

६०. जोखिम मूल्याङ्कन

६१. कारोबारो नगरिने

६२. कारोबारोको लेखा

६३. खाताबही

६४. आन्तरिक हिसाब जाच

६५. वार्षिक हिसाब जाच

६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नु पर्ने

६७. अन्य आधारभूत कागजात

६८. एकिकृत सूचना पणालीमा आबद्धता

६९. रजिष्टार वा रजिष्टारबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन

७०. वित्तिय जानकारी एकाइमा प्रतिवेदन

७१. साधारण सभामा जानकारी गराउनुपर्ने

७२. हकवालाको मनोनयन

७३. हकदावी वा नामसारी

७४. निर्वाचन

७५. शपथ ग्रहण

७६. एकीकरण वा विभाजन

७७. कार्यान्वयन अधिकारी

७८. मध्यस्थता

७९. समता र समानता

८०. विनिमय संशोधन

८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने

८२. व्याख्या गर्ने अधिकार

८३. ऐन, नियमावलीसंग बाझिएको अमान्य हुने ।